# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ साउन १ गते

### कान्तिपुर दैनिकमा प्रकाशित समाचारप्रति आयोगको ध्यानाकर्षण

मिति २०७४ असार २९ गते कान्तिपुर दैनिकमा प्रकाशित राष्ट्रिय मानव अधिकार आयोगसंग सम्बन्धित **'शक्ति प्रदर्शनको होडबाजीले हिंसा'** शीर्षकको समाचारप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगद्वारा सप्तरीको मलेठ घटनाको विस्तृत अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी सहित २०७३ साल चैत्र ३१ गते राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ८ (१) बमोजिम सर्वोच्च अदालतका पूर्वन्यायाधीश श्री ताहिर अलि अन्सारीको संयोजकत्वमा फरेन्सिक विज्ञ डा. हरिहर वस्ती सहित आयोगका अधिकृतहरू सम्मिलित एक उच्चस्तरीय अनुसन्धान टोलीको गठन गरिएको थियो । उक्त टोलीद्वारा २०७४ जेठ २९ गते अनुसन्धान प्रतिवेदन का.वा. अध्यक्ष माननीय प्रकाश वस्ती ज्यू समक्ष बुझाइएको थियो । प्रतिवेदन प्राप्त भएपछि निर्णय पूर्व कानून बमोजिम पुर्‍याउनु पर्ने प्रक्रिया पुरा गर्ने क्रममा रही उक्त घटनाको उजुरी आयोगमा विचाराधीन अवस्थामै रहेको छ ।

उक्त प्रतिवेदन हालसम्म आयोगको बैठकमा छलफलका लागि पेश नगरिएको तथा पेश भएपछि छलफल भई निर्णय समेत हुन बाँकी रहेको आयोग स्पष्ट पार्दछ । यस विषयमा आयोगको निर्णय हुनुपूर्व नै आयोगको निर्णय नै भएको जस्तो भ्रम पर्ने गरी प्रकाशित समाचारप्रति आयोग गम्भीर आपत्ति प्रकट गर्दछ । मानव अधिकारको अनुसन्धान कार्य गम्भीर विषय हुने र सोको दूरगामी असर समेत पर्ने भएकोले यस्तो प्रकृतिको समाचार प्रकाशन गर्दा आयोगको प्रतिक्रिया लिई जिम्मेवारीपूर्वक प्रकाशन गर्नको लागि समेत आमसञ्चार माध्यमलाई आयोग आग्रह गर्दछ ।

साथै, आयोगमा पेश भएका गोप्य लिखतबारे कसरी अनधिकृत सूचना प्रसार भयो भन्ने सम्बन्धमा आयोगले छानवीन शुरू गरिसकेको समेत जानकारी गराउन चाहन्छ ।

यज्ञ प्रसाद अधिकारी

नि. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org